मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम

# प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९

## १. पृष्ठभूमि

नेपालको संविधानले समावेशिता, लोकतन्त्र, गणतन्त्र, संघीयता तथा धर्म निरपेक्षताजस्ता मूलभूत आधारहरूलाई आत्मसात गरेको छ । यी आधारहरूलाई टेकेर नेपालको संविधानले लैङ्गिक समानताको लक्ष्य हासिल गर्न संवैधानिक मार्गनिर्देशन गरेको छ । लैङ्गिक समानताको संवैधानिक लक्ष्यलाई हासिल गर्न संविधानले समानुपातिक सहभागिता तथा समावेशिता, अविभेदको सिद्धान्त तथा सकारात्मक विभेद (अर्थात् विशेष अधिकार) जस्ता सवालहरूलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । यसका अतिरिक्त संविधानले मौलिक हक अन्तर्गत महिलाको आत्मनिर्णय र शारीरिक तथा मानसिक सम्पूर्णता (इन्टिग्रिटी) को अधिकार, समानुपातिक सहभागिता, हिंसा विरुद्धको हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था गरेको छ ।
संविधानले लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायलाई राज्यका निर्देशक सिद्धान्तको रूपमा व्यवस्था गरेको छ । धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्नु राज्यको उद्देश्यको रूपमा व्यवस्था गरेको छ ।

महिलाहरूको सामाजिक न्याय र समावेशीकरण सम्बन्धमा संविधानले लिएका नीतिहरू :

- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,
- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,
- प्रजनन् अवस्थामा आवश्यक सेवा, सुविधा उपभोगको सुनिश्चितता गर्ने,
- बालबच्चाको पालनपोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने ।

यसरी संविधानले वृहत् समतामूलक, न्यायिक र समावेशी समाज निर्माणको ढाँचा तय गरेको देखिन्छ । तथापि, नेपालको कुल जनसंख्यामा ५१.५ प्रतिशत हिस्सा ओगटेका महिलाहरूलाई पुरुषको दाँजोमा समान आर्थिक, सामाजिक तथा राजनीतिक विकासको प्रक्रियामा भने पछाडि पारिएको अवस्था छ । वास्तवमा सारभूत समानता प्राप्तिका पाँचवटा आधारभूत शर्तहरू छन्: अवसरमा पहुँच, अर्थपूर्ण सहभागिता,

प्रदेश सचिव

विकास लगायत सामाजिक सुरक्षा मार्फत् त्यसको प्रतिफलमा समान हिस्सेदारी, समान नागरिक तथा मानव अधिकारको प्रत्याभूति (कसैले पनि जात, जातियता, लैङ्गिकताको आधारमा आपूm पछाडि पारिएको वा परेको महसुस गर्ने अवस्था श्रृजना नहोस्), र कानूनको शासन । यी पूर्वशर्तहरू हासिल गर्न महिलाहरूलाई हेरिने संरक्षणमुखी अवधारणाबाट निर्माण गरिने नीतिगत ढाँचाहरू पर्याप्त छैनन् । साथै, औपचारिक समानताको अवधारणाले महिला र पुरूषबीच रहेको भिन्नतालाई स्वीकार नगर्ने हुँदा यो अवधारणा पनि महिलाले सामाजिक/सांस्कृतिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा समानता प्राप्त गर्न पर्याप्त छैन । तसर्थ यी अवधारणाहरूमा रहेका त्रुटीहरूलाई सम्बोधन गर्दै सुधारात्मक र रूपान्तरणमुखी अवधारणालाई अवलम्बन गरी सारभूत समानताको लक्ष्यमा पुग्नुपर्ने आजको आवश्यकता रहेको देखिन्छ । यही आवश्यकतालाई सम्बोधन गर्न मधेश प्रदेशले प्रदेशस्तरीय लैङ्गिक समानता नीति तर्जुमा गरी लागू गर्ने उद्देश्य अनुरूप यो नीति तर्जुमा गरिएको छ ।

## २. महिलासँग सम्बन्धित प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरु

आजको युग मानव अधिकारको युग हो । मानव अधिकारको युगमा महिला, पुरुष, विविध लैङ्गिक तथा यौनिक पहिचान बोकेका ब्यक्तिहरूबीच कुनै पनि प्रकारको असमानता वा विभेद स्वीकार्य नहुने प्रतिबद्धतालाई विचारको रूपमा स्थापित गरिएको छ । तर मानव अधिकार सम्बन्धी विचारधारा, मानव अधिकार सम्बन्धी विश्लेषणात्मक ढाँचा र अभियानहरूले पनि पुरुष र महिला, विविध लैङ्गिक तथा यौनिक पहिचान भएका र बोकेका व्यक्तिहरू र त्यसभित्र पनि उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भइरहेका भेदभाव र असमानतालाई सम्बोधन गर्न सकेनन् । समाजमा विद्यमान यस अवस्थालाई पहिचान गर्दै महिला (विविधता) सशक्तिकरण तथा समानताका सवाललाई केन्द्रमा राखेर अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय,तथा प्रदेश स्तरमा संरचनागत, कानूनी तथा योजनाबद्ध प्रयासहरू भएका देखिन्छन् ।

### २.१ अन्तर्राष्ट्रिय कानूनी संयन्त्रहरु

नेपालले महिला अधिकार, समानता र विभेदलाई सम्बोधन गर्न देहायका विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरू अनुमोदन गरेको छः महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख, १९९९, महिला तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, १९९५ बेइजिङ्ग, १२ सरोकारको क्षेत्र, वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउमास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धी सार्क महासन्धि, २००२, महिला विरुद्ध हुने हिंसा विरुद्धको भियना घोषणापत्र, १९९३, महिला विरुद्ध हुने हिंसा सम्बन्धी सिड कमिटीको सामान्य सुझाव नं. १९ र सुझाव नं. ३५, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२०, मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक समीक्षा आदि ।

प्रदेश सचिव

## २.२ राष्ट्रिय तहमा भएका प्रयासहरु

### २.२.१. राष्ट्रिय तहमा संरचनागत तथा कानूनी प्रयासहरु

नेपालमा महिला सशक्तिकरण, समानतामा आधारित हिंसा तथा विभेदमुक्त समाज निर्माणका लागि विभिन्न कालखण्डमा विभिन्न कानूनहरूको निर्माण तथा संरचनागत प्रयासहरू भए । यस क्रममा वि.सं. २०४९ सालमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि, १९७९ लाई नेपाल सरकारले अनुमोदन गर्‍यो भने २०५२ सालमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र यसको मातहतमा रहने गरी केन्दीयस्तरमा महिला विकास विभाग र जिल्लास्तरमा महिला तथा बालबालिका कार्यालयको स्थापना गरियो । नेपाल प्रहरी अन्तर्गत केन्द्रीयस्तरमा महिला तथा बालबालिका निर्देशनालय र यस मातहत जिल्लास्तर र कतिपय स्थानीयस्तरका प्रहरी कार्यालयहरूमा समेत महिला तथा बालबालिका सेवा केन्द्र स्थापना गरियो । यसैगरी, महिलाको हक—हितको संरक्षण र संवद्र्धन गरी समग्र महिलालाई विकासको मूल प्रवाहमा समाहित गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यका साथ २०५८ सालमा राष्ट्रिय महिला आयोग गठन गरियो । प्रतिनिधिसभा अन्तर्गत महिला तथा सामाजिक समिति गठन गरिएको छ भने लैङ्गिक समानतालाई प्रवद्र्धन गर्न सबै मन्त्रालयमा लैङ्गिक सम्पर्क बिन्दुको व्यवस्था गरिएको छ । विभिन्न जिल्लामा घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ अन्तर्गत सेवा केन्द्र, जिल्ला अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, मानव बेचबिखन तथा ओसारपसार ऐन अन्तर्गत जिल्लामा पुनःस्थापना केन्द्रहरू पनि स्थापना भई सञ्चालनमा रहेका थिए । स्थानीय तहका सबै पालिकामा उपप्रमुख/उपमेयरको संयोजकत्वमा न्यायिक समिति गठन गरिएको छ । यसैगरी, स्थानीय तहमा नागरिक सचेतना केन्द्र, लैङ्गिक हिंसा निगरानी समूह, वडा निगरानी समूह, उपभोक्ता समूहहरू, वडा नागरिक मञ्चहरू स्थापना भई क्रियाशील रहँदै आएका छन् ।

वि.सं. २०५८ सालमा भएको मुलुकी ऐनको एघारौं संशोधनले नेपाली महिलाहरूको सम्पत्तिको अधिकार, गर्भपतनसँग जोडिएको आफ्नो शरीरमाथिको अधिकार, सम्बन्धविच्छेदको अधिकार र कानूनको शासनको नाममा स्थापित गरिएका विभेदहरूलाई केही हदसम्म सम्बोधन गर्न पुग्यो । वि.सं. २०६१ सालमा लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना स्वीकृत गरियो । जनआन्दोलन पश्चात निर्माण भएको नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक महिला विरुद्ध हुने हिंसा विरुद्धको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गर्दै कानूनद्वारा दण्डनीय हुने व्यवस्था गर्‍यो । अन्तरिम संविधान, २०६३ अन्तर्गत लैङ्गिक हिंसालाई सम्बोधन गर्न घरेलु हिंसा (कसूर र सजाय) ऐन, मानव बेचबिखन तथा ओसारपसार ऐन लगायतका धेरै ऐनहरू जारी गर्नुका साथै नियमावली, विनियमावली, अध्यादेश, निर्देशिका, परिपत्र, तथा राष्ट्रिय कार्ययोजनाहरू जारी गरिए । नेपालको संविधान, २०७२ जारी

प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम,

भए पश्चात समेत ऐन तथा कानून निर्माणको कार्यलाई निरन्तरता दिँदै विभिन्न कानून निर्माण भइसकेका छन् ।

राष्ट्रिय ऐन तथा नीतिगत संरचना तयार गर्ने सन्दर्भमा पनि नेपालले धेरै प्रगति हासिल गरेको अवस्था छ । अपराध पीडित संरक्षण ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी फौजदारी संहिता, २०७४, मुलुकी देवानी संहिता, २०७४, राष्ट्रिय महिला आयोग ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन, २०७२, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ र नियमावली २०६७, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली २०६५ आदि यसका उदाहरण हुन् । यसका अतिरिक्त नेपाल सरकारले विभिन्न नियमावली तथा निर्देशिकाहरू र कार्ययोजनाहरू तर्जुमा गरेको छ ।

**२.२.२ योजनाबद्ध प्रयासहरु**

समाजमा व्याप्त असमानतालाई सम्बोधन गर्न तथा महिला अधिकारको प्रवद्र्धन गर्न नेपाल सरकारले विभिन्न माध्यम अपनाएको देखिन्छ । यी विभिन्न माध्यमहरू अन्तर्गत देशको योजनाबद्ध विकासमा महिलाका सवालहरूलाई प्राथमिकतामा राख्दै ती समस्याहरूलाई रणनीतिक रूपमा समाधान गर्दै जानुलाई पनि प्रमुख उपलब्धीका रूपमा लिन सकिन्छ । नेपालले वि.सं. २०१३ सालदेखि योजनाबद्ध रूपमा विकासको प्रयास गरेको हो । पाँचौं पञ्चवर्षीय योजना (२०३२/३७) ले बालिका शिक्षा बढाउन विशेष जोड दिएको थियो भने छैटौं पञ्चवर्षीय योजनाले महिला सहभागिताको सुनिश्चिततामा । सातौं योजना (२०४२—४७) ले महिला शिक्षा र स्वास्थ्यमा विशेष जोड दिएको देखिन्छ । वि. सं. २०४६ सालको जनआन्दोलनपछि गठित सरकारले ल्याएको आठौं योजनाले अघिल्ला योजनाहरूले जस्तै केही क्षेत्रगत कार्यक्रमहरूमा महिला सहभागिता निश्चित गर्न र महिलाहरूको आवश्यकता पूरा गर्ने उद्देश्यले विशेष कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो ।

नवौं योजना (२०५४/५५ — २०५८/५९) र दशौं योजना (२०५९/६० — २०६४/६५) ले गरिबी निवारण गर्ने प्रमुख उद्देश्य लिएको थियो । नवौं योजनाले महिला, दलित र पिछडिएका जनजाति तथा क्षेत्रको उत्थानतर्फ बढी साधन विनियोजन गरेको र विकासका सामाजिक तथा भौतिक पूर्वाधारको विस्तार गरिने रणनीति अपनाएको थियो । यस योजनामा महिला सम्बन्धी कार्यक्रममा देखिएका कमजोरी र संयुक्त राष्ट्रसङ्घको बेइजिङ सम्मेलन, सहस्राब्दी लक्ष्यहरू र अन्य अन्तर्राष्ट्रिय सम्मेलन तथा सभाहरूमा गरिएका प्रतिबद्धता अनुरूप लैङ्गिक मूल प्रवाहीकरणको अवधारणाले स्थान पाएको थियो । उक्त योजनामा लैङ्गिक विभेदको अन्त्य गर्ने सकारात्मक नीति र कार्यक्रमको व्यवस्था, महिला विरुद्ध हुने हिंसा अन्त्यका लागि कडा कानूनको व्यवस्था तथा तिनलाई कार्यान्वयन गर्न शक्तिशाली संयन्त्र निर्माण गर्ने र संघ, संस्थाहरूका



प्रदेश सचिव

लागि लैङ्गिक सचेतना कार्यक्रमहरूको व्यवस्था गर्ने लक्ष्यहरू तोकिएको थियो । सशक्तीकरण अन्तर्गत नीति तथा कार्यक्रमहरूको तर्जुमामा महिलाको अनिवार्य प्रतिनिधित्व, जग्गाको स्वामित्वको अधिकार र कृषि तालिम र बजार तथा अन्य आय आर्जनका क्रियाकलापहरूमा महिलाहरूको सहभागिता सुनिश्चित गर्ने भनिएको थियो ।

पहिलो त्रिवर्षीय अन्तरिम योजना (२०६५ – २०६७) ले महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण र लैङ्गिक रूपले समावेशी तथा समतामूलक नयाँ नेपाल निर्माण गर्ने दीर्घकालीन सोच लिएको थियो । यस योजनाले महिलामुखी नीतिहरूको विस्तार र प्रभावकारी कार्यान्वयनलाई जोड दिएको थियो । दोस्रो त्रिवर्षीय योजना (२०६७ – ७०) ले पनि पहिलो तीन वर्षीय अन्तरिम योजनालाई नै पछ्याएको देखिन्छ ।

तेऱ्हौं योजना (२०७०–२०७३) को रणनीतिमा योजना अवधिमा सबै सामाजिक समूह, कार्यक्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक र राजनैतिक सशक्तीकरणका लागि लैङ्गिक भूमिकालाई सशक्त बनाउने तथा लैङ्गिकतामा आधारित हिंसा र विभेदलाई अन्त्य गर्न लैङ्गिक मूलप्रवाहीकरणका माध्यमबाट शासन प्रणालीको प्रत्येक चरण एवम् विकास प्रकृयाका सबै चक्रमा महिलाहरूको उल्लेखनीय र सार्थक सहभागिता अभिवृद्धि गर्ने विषयलाई समेटेको देखिन्छ ।

नेपालमा हाल जनसंख्या सम्बन्धी दीर्घकालीन योजना (२०६७ – २०८७) कार्यान्वयनमा रहेको छ । यस योजनाले नीतिगत तहमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने, विकास निर्माणका क्रियाकलापमा लैङ्गिक सवालहरूलाई समेत समायोजन गर्न योगदान पुऱ्याउने, नीति निर्माण तहमा महिलाहरूको सहभागिता वृद्धि गर्ने र सुपरीवेक्षण तथा मूल्याङ्कन प्रणालीलाई लैङ्गिक संवेदनशील बनाउने उद्देश्य लिएको देखिन्छ ।

अन्तर्राष्ट्रिय सन्दर्भमा मानव अधिकारको सुनिश्चितता गर्दै सन् २०३० सम्ममा कोही पनि पछाडि नछुटोस् भन्ने उद्देश्यका साथ दिगो विकासको लक्ष्य हासिल गर्न रूपान्तरित हाम्रो विश्व दीगो विकासको लागि, २०३० एजेण्डा २०१६ को जनवरीदेखि कार्यान्वयन गरिएको छ । उक्त दिगो विकासमा रहेका विभिन्न उद्देश्यहरूमध्ये उद्देश्य ५ मा सन् २०३० सम्ममा “लैङ्गिक समानता हासिल गर्ने र महिला तथा बालिकाको सशक्तीकरण गर्ने” भनी उल्लेख भएको छ । ती उद्देश्य एवम् लक्ष्यहरू अनुरूप प्रारम्भिक प्रतिवेदन प्रकाशित गरिएको छ । तथापि सार्वजनिक र निजी जीवनमा महिलामाथिको विभेदलाई सारभूत रूपमा सम्बोधन भएको मान्न सकिने अवस्था भने सिर्जना भएको छैन ।

यस अवस्थालाई सम्बोधन गरी असमानता कम गर्न पन्ध्रौं योजना (२०७६/७७ ‘२०८०/२०८१) देखि र दिगो विकास लक्ष्य महत्वपूर्ण रहेको छ । पन्ध्रौं योजनाले महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य राखेको देखिन्छ । उक्त योजनाले लैङ्गिक विकास सूचकांक ०.९२५ बाट ०.९६३ पुऱ्याउने अपेक्षा राखेको छ । यो अपेक्षा पूरा गर्न पन्ध्रौं योजनाले तीनवटा

प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम

महत्वपूर्ण उद्देश्यहरू राखेको छ । यी उद्देश्य हासिल गर्न छ वटा रणनीतिहरू एवम् ती रणनीतिहरू अन्तर्गत कार्यनीतिको पनि व्यवस्था गरिएको छ ।

दिगो विकास लक्ष्यलाई महिला समानताको लक्ष्य हासिल गर्न अर्को महत्वपूर्ण फड्को मान्न सकिन्छ । दिगो विकास लक्ष्य ३ सुस्वास्थ्य तथा समृद्ध जीवनसित सम्बन्धित छ । यस अन्तर्गत सन् २०३० सम्ममा यौन तथा प्रजनन् सम्बन्धी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजनको सूचना र शिक्षा तथा प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा आबद्ध गर्ने विश्वव्यापी लक्ष्य लिइएको छ । दिगो विकास लक्ष्य ४ ले सन् २०३० सम्ममा सुलभ र गुणस्तरीय प्राविधिक, व्यवसायिक तथा विश्वविद्यालय लगायत उच्च शिक्षामा सबै महिला र पुरुषको समान पहुँच सुनिश्चित गर्ने भनेको छ । दिगो विकास लक्ष्य ५ ले लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरूलाई सशक्त बनाउने लक्ष्य राखेको छ ।

दिगो विकास लक्ष्य हासिल गर्न दिगो विकास लक्ष्यको विश्वव्यापी लक्ष्यका आधारमा नेपालले आफ्नै राष्ट्रिय परिमाणात्मक लक्ष्य तोकेको छ । लैङ्गिक समानताका लागि दिगो विकास लक्ष्य ५ मा निर्धारित लक्ष्यहरू हासिल गर्न नेपालले तोकेको राष्ट्रिय परिमाणात्मक लक्ष्य अत्यन्त महत्वपूर्ण रहेको छ ।

यस प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) को आधारपत्रले लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने क्षेत्रगत सोच राखेको छ भने विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य लिएको देखिन्छ । यसैगरी, यस आवधिक योजनाले समाजका हरेक वर्गका महिलाको समतामूलक र अर्थपूर्ण सहभागिता वृद्धि गराई मूलप्रवाहीकरण गर्ने, आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्ने तथा कुरीतिजन्य परम्परा हटाई महिलाको मानव अधिकार सुनिश्चित गर्ने उद्देश्य राखेको छ । साथै, आधारपत्रले चेतनामूलक लैङ्गिक सशक्तिकरणद्वारा अर्थपूर्ण रूपमा महिला सहभागिता बढाउने, आधारभूत स्वास्थ्य, शिक्षा तथा रोजगारीका विभिन्न अवसरमा महिलाको पहुँच अभिवृद्धि गर्ने गरी रोजगारी सुनिश्चित गर्ने तथा समतामूलक समाज निर्माणमा सहयोग गर्ने राणनीति लिएको छ । 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानलाई अझ सशक्त ढङ्गले अगाडि बढाउने, महिला सशक्तीकरणका लागि विभिन्न किसिमका उद्यमशीलता विकास तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, महिला हिंसा न्यूनीकरणका लागि अभियान सञ्चालन गर्ने, विपन्न महिलालाई सीपमूलक व्यवसाय सञ्चालनमा सहयोग गर्ने र गर्भवती तथा सुत्केरी महिलाको प्रजनन् स्वास्थ्य र पोषणयुक्त खानपानको अधिकारलाई सुनिश्चित गर्ने कार्यनीति यस योजनामा रहेको छ ।

यी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था बाहेक सर्वोच्च अदालतबाट समय समयमा जारी भएका निर्देशनात्मक आदेशहरूले समेत लैङ्गिक समानता कायम गर्न र लैङ्गिक हिंसा अन्त्य गर्ने दिशामा सकारात्मक

प्रदेश सचिव

योगदान दिएका छन् । सर्वोच्च अदालतबाट लैङ्गिक समानताको पक्षमा जारी यस्तो निर्देशनात्मक आदेशले समानता सम्बन्धी सिद्धान्तलाई पनि स्थापित गरेको छ ।

## ३. लैङ्गिक समानता तथा महिला सशक्तिकरणका सन्दर्भमा मधेश प्रदेशको वर्तमान अवस्था

लैङ्गिक समानता तथा महिला सशक्तिकरणका सन्दर्भमा मधेश प्रदेशको वर्तमान अवस्था विश्लेषण गर्दा यस प्रदेशमा महिलाको जनसंख्या ५२.४ प्रतिशत रहेको छ भने महिला साक्षरता ५५ प्रतिशत रहेको छ । नेपालमा १५ देखि १९ वर्षको उमेरमा गर्भवती हुनेको संख्या १७ प्रतिशत रहेकोमा यस प्रदेशमा २७ प्रतिशत रहेको छ । यस प्रदेशका जम्मा ५.७ प्रतिशत महिलाले साताको एक पटक पत्रिका पढेको देखिन्छ भने २७.७ प्रतिशत महिलाले रेडियो सुन्ने र ४९.६ प्रतिशत महिलाले टेलिभिजन हेर्ने गरेको देखिन्छ । यो प्रदेशका जम्मा ४.१ प्रतिशत महिलाको मात्रै तीनै थरी सञ्चारमा पहुँच रहेको छ र ८.२ प्रतिशत महिलाको इन्टरनेटमा पहुँच देखिन्छ । नेपालको कुल साक्षरतादर ५९.६ प्रतिशत रहेकोमा यस प्रदेशको साक्षरतादर ४०.९ प्रतिशत मात्र रहेको छ । यस प्रदेशमा विद्यालय भर्नादर छात्रातर्फ ६०.६ प्रतिशत रहेको छ भने छात्रतर्फ ५३.३ प्रतिशत रहेको प्रदेशको प्रथम आवधिक योजनामा उल्लेख छ । यसैगरी, प्रदेशमा १५ वर्षदेखि ४९ वर्षका महिलाहरूमध्ये घरमा एकल स्वामित्व हुने महिलाको प्रतिशत ९.३ र जग्गामा एकल स्वामित्व हुने महिलाको प्रतिशत १२.९ रहेको देखिन्छ । पछिल्लो जनगणना अनुसार प्रति सयजना महिलामा पुरुषको संख्या व्यक्त गर्ने लैङ्गिक अनुपातको मान मधेश प्रदेशमा १०१.१८ रहेको छ । यसको अर्थ मधेश प्रदेशमा हरेक १०० जना महिला बराबर १०१ जना पुरुष छन् भन्ने देखिन्छ । मधेश प्रदेशका २७ प्रतिशत महिलाले किशोरी उमेरमा बच्चा जन्माउने तयारी गर्दछन् भने उक्त प्रदेशका महिलाहरूले १९.२ वर्षमा पहिलो बच्चा जन्माउँछन् (मधेश प्रदेशको पहिलो आवधिक योजना, २०७६/७७ '२०८०/८१) । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार देशका ६ महिनादेखि ५९ महिना उमेरका बालबालिकामध्येमा मधेश प्रदेशमा ५९ प्रतिशत बालबालिकामा रक्तअल्पता (एनिमिया, कुनै पनि प्रकारको) रहेको पाइएको छ । देभभरिमा १५ देखि ४९ वर्षका करिव ४१ प्रतिशत महिला कुनै पनि प्रकारको रक्तअल्पता (एनिमिया) बाट प्रभावित रहेको देखिन्छ । मधेश प्रदेशमा ५७.८ प्रतिशत महिलामा यो समस्या रहेको छ ।

देशका १५ वर्षदेखि ४९ वर्षका कुल ७२.६ प्रतिशत महिलाले मोबाइल फोन प्रयोग गरेको देखिएकोमा मधेश प्रदेशमा उक्त उमेर समूहका ६२.२ प्रतिशत महिलाले मात्र मोबाइल फोन प्रयोग गर्दछन् (Factsheet on *Women Nepal, Madhesh Province* *un.org.np*) । यसको अर्थ मधेश प्रदेशका धेरै महिलाहरू आधुनिक सञ्चारको माध्यमको रूपमा रहेको मोबाइल फोनको प्रयोगको अवसरबाट बञ्चित छन् । स्थानीय सामाजिक संस्था, समिति र सामुदायिक बैठकहरूमा महिलाको जनसहभागिता हेर्दा मधेश प्रदेशमा कुल जनसंख्याको १५ प्रतिशत महिलाको मात्र सहभागिता रहेको देखिन्छ । यसबाट मधेश प्रदेशका महिलाहरू घरायसी

प्रदेश सचिव

कार्य र पारिश्रमिक बिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको र सामाजिक जीवन विशेषतः सामुदायिक सेवा र सहभागितामा उनीहरूको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको कुरा प्रतिविम्बित हुन्छ ।

विभिन्न किसिमका राजनीतिक क्रियाकलापमा महिलाको सहभागिता मधेश प्रदेशमा कुल जनसंख्याको १९ प्रतिशत मात्र रहेको छ । यसबाट यस प्रदेशमा एकातिर महिलाहरूमा राजनीतिक चेतनाको कमी छ भन्ने देखिन्छ भने अर्कोतर्फ महिलाहरूलाई त्यस्ता गतिविधिहरूमा संलग्न हुन परिवारको सहयोग प्राप्त नहुने गरेको वा तिनमा आत्मविश्वासको कमी रहेको तथ्य समेत उजागर हुन जान्छ । मधेश प्रदेशमा ९ प्रतिशत महिलाको मात्र उपभोक्ता समूहको बैठकमा सहभागिता देखिन्छ । स्थानीय योजना सम्बन्धी छलफलमा मधेश प्रदेशमा १२ प्रतिशत महिलाको मात्र सहभागिता छ ।

(माथि उल्लेखित तथ्याङ्कहरू राष्ट्रिय योजना आयोगद्वारा २०७६ वैशाखमा प्रकाशित प्रदेशको तथ्याङ्कीय झलक — विभिन्न श्रोतहरूबाट प्रकाशित तथ्याङ्क समावेस भएको), मधेश प्रदेशको पहिलो आवधिक योजना तथा Factsheet on *Women Nepal, madhesh Province* *un.org.np* बाट लिइएको हो ।)

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार मधेश प्रदेशका महिला मध्येमा एक वर्षको अवधिमा ९.१ प्रतिशतले मानसिक यातना, १४.८ प्रतिशतले शारीरिक यातना, १५.५ प्रतिशतले शारीरिक वा यौन हिंसा वा मानसिक हिंसा भोगेको देखिन्छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्याङ्कले यस प्रदेशमा आर्थिक वर्ष २०७४/७५ मा बोक्सीको आरोपमा ११, मानव बेचबिखन सम्बन्धी १७, वहुविवाह ४२, बालविवाह ४, जबरजस्ती करणी ११३, अपहरण गरी जबरजस्ती करणी गरेको १, जबरजस्ती करणीको उद्योग सम्बन्धी ६९, अप्राकृतिक मैथुन ४, घरेलु हिंसा २, बालयौन दुराचार १ र गर्भपतन सम्बन्धी ५ वटा गरी जम्मा २६९ मुद्दा दर्ता भएको देखाउँछ । (प्रदेश प्रहरी कार्यालयबाट सङ्कलन गरिएको) यसका अलावा विभिन्न पालिका अन्तर्गत गठित न्यायिक समितिमा समेत उल्लेख्य मात्रामा लैङ्गिक हिंसाका उजुरी दर्ता हुने गरेको देखिन्छ ।

## ४. लैङ्गिक समानताका सन्दर्भमा मधेश प्रदेशले गरेका प्रयासहरू

उपर्युक्त तथ्याङ्कहरूले देशको अन्य क्षेत्रका महिलाहरूमध्ये मधेश प्रदेशका महिलाहरूमा शिक्षा/चेतनाको कमी, सामाजिक तथा आर्थिक अवसरहरूमा न्यून सहभागिता, स्वास्थ्य सेवामाथिको पहुँच वा स्वास्थ्य सेवाबाट लाभ लिनेको संख्या कम, मोबाइलजस्तो आधुनिक सञ्चार सेवाको प्रयोग महिलाले कम मात्र गर्ने गरेको देखिन्छ । तर लैङ्गिक हिंसा, मानसिक तथा शारीरिक यातना एवम् तनाव भने महिलाले बढी झेलिरहेको देखिएको छ । तसर्थ यस क्षेत्रका महिलाको आर्थिक, सामाजिक रुपान्तरण गरी अवसरहरूमा बढीभन्दा बढी सहभागिता गराई महिलाको सामर्थ्यमा वृद्धि हुने किसिमका नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ ।

प्रदेश सचिव

महिला हक अधिकारको प्रत्याभूति दिलाउन प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सशक्तीकरण माध्यमबाट लैङ्गिक विभेदको अन्त्य गर्ने र असहाय महिलाहरूको क्षमता अभिवृद्धि गरी जीवनस्तर सुधार गर्ने उल्लेख गरेको छ । मधेश प्रदेशको पहिलो वर्षको प्रगति विवरण प्रतिवेदन, आर्थिक वर्ष २०७५/०७६ का अनुसार प्रदेशको निर्वाचन भई प्रादेशिक सरकार गठन भएको पहिलो वर्ष आर्थिक वर्ष २०७५/०७६ देखि मधेश प्रदेशमा केही महत्वपूर्ण प्रयासहरू शुरु गरेको दखिन्छ ।

### ४.१ प्रदेश सरकारले लैंगिक समानताका लागि गरेका केही महत्वपूर्ण कार्यहरु

मधेशी समाज बहुपक्षीय दृष्टिबाट पुरुष प्रधान समाज रहेको, यहाँ जात—जातिबीचको सामाजिक बनोटले धेरै समुदायको आर्थिक अवस्थालाई कमजोर बनाएको अवस्थालाई आत्मसात गर्दै प्रदेशवासीको सामाजिक अवस्था, मानव विकास सूचकांक र मधेशी समाजमा विद्यमान विभेदको अवस्था आदि सबै पक्षहरूलाई सम्बोधन गर्न प्रदेश सरकारले 'बेटी पढाऊ बेटी बचाऊ÷ अभियान प्रदेशका आठ वटा जिल्लाका आठ पालिकाबाट प्रारम्भ गरेको छ । यस अभियानलाई मधेश प्रदेशका सबै १३६ पालिकाभरि क्रमशः लागू गर्रिदै जाने योजना रहेको छ । यस कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लाको १० वटा विद्यालयमा नर्सको दरबन्दी राख्ने प्रक्रिया सम्पन्न भएको छ । २०७५ माघ १ गतेपछि जन्मिएका बालिकाको लागि छोरी शैक्षिक बीमा २०७५ साल फागुनको पहिलो हप्ताबाट औपचारिक रूपमा शुभारम्भ गरिएको छ । शैक्षिक बीमा रु. १ लाख बराबरको रहेकोमा २०७६ माघ देखि बीमा रकम ३ लाख पुऱ्याइएको छ । बीमा कार्यक्रम हाल पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिकाको १ देखि १६ वटै वडामा, बारा जिल्लाको स्वर्ण गाउँपालिकाको सबै वडामा, रौतहटको यमुनामाई गाउँपालिकाको सबै वडामा, सर्लाहीको पर्सा गाउँपालिकाको सबै वडामा, महोत्तरीको एकडारा गाउँपालिकाको सबै वडामा, धनुषाको कमला नगरपालिकाको सबै वडामा, सिरहाको औरही गाउँपालिकाको सबै वडामा तथा सप्तरीको महादेव गाउँपालिकाको सबै वडामा लागू भएको छ ।

प्रदेश निजामती सेवा तथा प्रदेश प्रहरी ऐन सहित अन्य सेवामा आरक्षणको लागि छुट्याइएको कोटामा महिलालाई ५० प्रतिशत आरक्षणसहित महिलालाई ५० प्रतिशत आरक्षण सहित दलित, मुस्लिम,जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ ।

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयबाट सुरक्षित बेटी अभियान र हिंसा विरूद्धको अभियान सञ्चालित छ । प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाउ कार्यक्रम सञ्चालन गरेको छ । लैंगिक समानताका सवालमा प्रदेश सरकारले महत्वपूर्ण कदमको रुपमा दलित सशक्तिकरण ऐन, २०७६ तथा प्रदेश बालअधिकार ऐन २०७७ जारी गरिसकेको छ । त्यसैगरी, प्रदेश सरकारले २०७६ लाई लैङ्गिक हिंसा निवारण वर्षको रूपमा घोषणा गरी तद्अनुरूप प्रदेश स्तरीय कार्यक्रमहरू पनि क्रियान्वयन गरेको छ ।

प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

४.२ प्रदेश सरकारको नीति तथा कार्यक्रममा लैंगिक समानताका सवालहरु

आ.ब २०७६/०७७ का नीति तथा कार्यक्रममा

- प्रदेशको जनसांख्यिक तथ्याङ्क, शिक्षा, स्वास्थ्य, लैङ्गिक, आदि तथ्याङ्कलाई अद्यावधिक गर्ने ।
- गरिब, विपन्न, असहाय नागरिकलाई दिइँदै आएको निःशुल्क कानूनी सहायता कार्यक्रमलाई निरन्तरता दिने ।
- यस प्रदेशको १३६ वटै स्थानीय तहमा रहेका न्यायिक समितिका पदाधिकारीहरूको न्याय निरुपण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्ने ।

आ.ब २०७७/०७८ का नीति तथा कार्यक्रममा

- कोभिड १९ बाट प्रभावित बालबालिका, महिला, किशोरीहरु, बृध्दबृध्दा तथा अन्य जोखिममा रहेका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श सेवा (एकथअजयकयअष्ब ि ऋयगलकभष्लिन) र नियमित खोप सेवा तथा कोभिड विरुद्धको खोप कार्यक्रम स्थानीय तहसँगको समन्वय एवं सहकार्यमा संचालन गरिने ।
- बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी विमा योजना अन्तर्गत रकम वृद्धि गरि ३ लाख पुरयाइएको । र अन्य कार्यक्रमलाई निरन्तरता दिइएको ।
- पूर्ण सुरक्षित मातृत्व प्रदेश बनाउने गरी परिवार नियोजन र सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रमलाई अभियानकै रुपमा संचालन गरिने ।
- कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिने ।
- महिला सशक्तिकरणका लागि प्रादेशिक महिला आयोग गठन गरिने ।
- प्रत्येक जिल्ला सदरमुकाममा संचालित दलित छात्रावास निरन्तरता दिइने ।
- प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु लैंगिक तथा अपाङ्गमैत्री बनाइने नीतिलाई थप प्रभावकारी बनाउन विशेष जोड दिइने ।
- सुरक्षित बेटी अभियान, बाल हिंसा, घरेलु हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरु प्रहरी, स्थानीय तह तथा विद्यालयहरुको सहकार्यमा संचालन गरिने ।
- प्रदेशभित्र महिलामैत्री सेफ हाउसको निर्माण गरिने
- १ देखि ८ सम्मका अति विपन्न दलित तथा मुस्लिम छात्राहरुलाई छात्रवृत्तिको माध्यमवाट प्रोत्साहन गरी शैक्षिक स्तर वृद्धि गर्न छात्रा शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरनतरता दिइने ।

प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

आ.ब २०७८/०७९ का नीति तथा कार्यक्रममा

- संघ तथा स्थानीय सरकारसँगको समन्वय र साझेदारीमा पूर्ण सुरक्षित मातत्ृव प्रदेश र पूर्ण खोपयुक्त प्रदेश घोषणा गर्नेगरी गनेगरी अभियानकै रुपमा सघन कार्यक्रम सञ्चालन तथा निरन्तरता दिइने ।
- दलित लगायत सीमान्तकृत तथा बिपन्न परिवारको िन:शलु्क स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिने ।
- कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिने ।
- उच्च शिक्षा अध्ययनरत आदिवासी जनजाती, दलित, मुस्लिम, छात्रा तथा मधेश आन्दोलनका सहिद परिवार र घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गरिने ।
- महिला सशक्तिकरण कार्यक्रममार्फत् महिलाहरुलाई विकासको मूलप्रवाहमा ल्याईनेछ । महिला सशक्तिकरणको लागि सारभूत लैंगिक नीति तय गरिनेछ । हिंसामा परेका महिलाको तत्काल सुरक्षाको लागि सेफ हाउस निर्माण गरी सञ्चालन गरिने ।
- फरक क्षमता भएका बालबालिकासम्बन्धी प्रादेशिक नीति तय गरिने ।
- प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु लैंगिक तथा अपाङ्गमैत्री बनाइने नीतिलाई थप प्रभावकारी बनाउन विशेष निरन्तरता दिईने ।
- सुरक्षित बेटी अभियान, बाल हिंसा, घरेलु हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरु प्रहरी, स्थानीय तह तथा विद्यालयहरुको सहकार्यमा संचालन गरिने कार्यक्रमलाई निरन्तरता दिइने ।
- बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी बिमा योजना अन्तर्गत रकम वृद्धि गरि ३ लाख पुरयाइएको । र अन्य कार्यक्रमलाई निरन्तरता दिईने ।
- १ देखि ८ सम्मका अति विपन्न दलित तथा मुस्लिम छात्राहरुलाई छात्रवृत्तिको माध्यमवाट प्रोत्साहन गरी शैक्षिक स्तर वृद्धि गर्न छात्रा शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरनतरता दिइने ।
- महिला पत्रकारहरुको लागि विशेष सुरक्षा कार्यक्रम सञ्चालन गरिने ।

उपर्युक्त नीति कार्यान्वयन गर्न निम्न कार्यक्रमहरुको तय तथा निरन्तरता दिइएको छ ।

- महिला, दलित तथा विपन्न लघु उद्यमीलाई औद्योगिक उत्पादनमा सहयोग पुऱ्याउन एउटा छुट्टै कोषको स्थापना गरी यस्ता समुदायलाई प्रशिक्षण, उद्यमशीलता तालिम र उनीहरूको उत्पादनलाई बजारीकरण गर्न आवश्यक सहयोग पुऱ्याउने ।

प्रदेश सचिव

- सामाजिक रूपान्तरण "बेटी पढाऊ, बेटी बचाऊ" अभियानको दायरालाई अझ फराकिलो बनाई छोरीहरूको विद्यालय भर्ना, लोकसेवा कक्षाको तयारी, प्राविधिक शिक्षा अध्ययन गर्न चाहने छोरीहरूलाई पूर्ण छात्रवृत्ति, प्रत्येक विद्यालयमा स्यानीटरी प्याड तथा साइकल वितरणजस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउने ।
- न्यून आय भएका परिवारमा जन्मिने छोरीहरूको शिक्षाको निरन्तरताको लागि छात्रवृत्तिको व्यवस्था, आर्थिक रूपले विपन्न, दलित तथा मुस्लिम समुदायका बालिकाहरूलाई विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत कक्षा एकदेखि आठसम्मका छात्राहरूका लागि प्रत्येक महिना रु. पाँच सयको दरले नियमित कक्षा आगमन छात्रवृति प्रदान गरिने ।
- प्रदेश सरकारले शुरु गरेको छोरी बीमा योजना अन्तर्गत करिब २५ हजार छोरीहरूको शिक्षा बीमा भइसकेको र यस प्रदेशमा जन्मिने सम्पूर्ण छोरीहरूको बीमा गर्ने लक्ष्य अनुरुप यस अभियानलाई आगामी वर्ष पनि अझ प्रभावकारी ढङ्गले निरन्तरता दिइने ।
- प्रत्येक वडा/टोलमा शिशु स्याहार, पोषण एवम् सन्तुलित विकासको लागि "शिशु सदन" को स्थापना, शिशु सदनमा शिशु राख्ने आमाले हप्ताको एक दिनको समय उपलब्ध गराउनुपर्ने, शिशु सदनमा २ वर्षदेखि ५ वर्षसम्मको शिशुलाई राखी स्वस्थ शिशु बनाई प्राथमिक शिक्षाको लागि तयार गरिने र शिशु सदनमा पोषणयुक्त आहारको व्यवस्था पनि गरिने ।
- बालिकाको विशेष संरक्षणको लागि बालिका संरक्षण सम्बन्धी कानून तयार गरी कार्यान्वयनमा ल्याइने र यस प्रदेशमा दिनानुदिन बढ्दै गइरहेको महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरण गर्न अनुगमन कार्यदल गठन गरिने ।
- दाइजो, बालविवाह, अनमेल विवाह, बोक्सी आरोप, छुवाछुतजस्ता सामाजिक कुरीतिलाई पूर्णतः बन्देज गर्न न्यायिक समितिमार्फत् समुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिने र यसको अनुगमनका लागि संयन्त्र निर्माण गरिने ।
- छात्रा शौचालय निर्माण कार्यलाई निरन्तरता दिइने ।
- हिंसा पिडितहरुको लागि लैंगिक हिंसा निवारण कोषको स्थापना गरिने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गरिने ।
- प्रदेशस्थित आठ वटै जिल्लाका एकद्धार संकट व्यवस्थापन केन्द्र (इऋःऋ) व्यस्थापन समितिको समिक्षात्मक बैठक गरिने ।
- यौनिक अल्पसंख्यकको तथ्यांक संकलन तथा प्रदेशस्तरीय भेला र अन्तरक्रिया गरिने ।
- कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार अन्त्यका गर्नका लागि संरक्षण सम्बन्धी कार्यक्रम गरिने ।
- महिला स्वरोजगारका लागि सीप तालिम कार्यक्रम वस्तुगत टेवासहित ।
- महिलाको स्वास्थ्य सुधारका लागि गुइँठा विस्थापन कार्यक्रम ।

प्रदेश सचिव

- उद्यमी महिला छनौट तथा प्रोत्साहन कार्यक्रम ।
- सचेतनामुलक सन्देश उत्पादन तथा प्रचारप्रसार ।
- हिंसा पीडित महिलाहरुका लागि प्रदेशस्तरीय पुनरुथापना केन्द्र निर्माण गरिने ।

मधेश प्रदेश सरकार महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय मधेश प्रदेश जनकपुरधाम, धनुषा

## ५. प्रमुख समस्या

मधेश प्रदेशमा लैङ्गिक समानता सम्बन्धी आफ्नै विशिष्ट समस्याहरू रहेका छन् । मूलतः यस प्रदेशमा महिलाहरूको शिक्षामा पहुँच नहुनु, पहुँच भएता पनि गुणात्मक शिक्षा सेवा प्राप्त नहुनु, शिक्षाको पहुँचका सवालमा पनि छोरा र छोरीबीच भेदभाव, महिला स्वास्थ्य सेवामा सहज पहुँचको अभाव, बालविवाह, बहुविवाह, दाइजो प्रथा, घरेलु हिंसा, लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउने, यौनजन्य हिंसा, बोक्सी आरोप, सम्पत्तिबाट बञ्चित, घुम्टो प्रथा, जातीय, छुवाछुत, मानव बेचबिखन तथा ओसारपसार, एसिड आक्रमण, विद्युतीय हिंसा, बलात्कार गरी हत्या लगायत महिला विरुद्ध संरचनात्मक लैङ्गिक हिंसाहरू व्याप्त रहेको देखिन्छ । यसैगरी, कृषिमा महिलाको संलग्नता रहेता पनि समान ज्याला नदिइनु, भूमिमा महिलाको स्वामित्वको अभाव, अन्य स्रोत र साधनमा महिलाको समान पहुँच नहुनु लगायतका सवालहरू समेत अझै समाजमा व्याप्त छन् । नीति निर्माण तहमा महिलाहरूको सहभागितामा वृद्धि भएता पनि महिलाहरूले स्वतन्त्र रूपमा आफ्ना अधिकारहरू प्रयोग गर्न सक्ने सामाजिक र राजनीतिक वातावरणको अभावले गर्दा महिला सहभागिताको गुणात्मक पक्ष कमजोर रहनु पनि अर्को महत्वपूर्ण समस्या हो ।

नेपालको संविधानले प्रदेश सरकारलाई संघीय कानूनसँग नबाझिने गरी संविधानमा तोकिए बमोजिम आवश्यक कानून बनाउन सक्ने अधिकार प्रदान गरेको छ । तर प्रादेशिक लैङ्गिक समानता नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न अझै पनि आवश्यक कानून, नीति, नियम र कार्यक्रम निर्माण गर्न आवश्यक क्षमताको समेत कमी रहेको देखिन्छ ।

मधेश प्रदेशमा विद्यमान लैङ्गिक हिंसाका स्थानीय विशिष्ट सवालहरूलाई सम्बोधन गर्न कार्ययोजनाहरूको अभाव हुनु, कार्यक्रमहरू पर्याप्त नहुनु, यसका निमित्त आवश्यक स्रोत र साधन विनियोजनमा विशेष ध्यान नजानु, स्रोत, साधनको सीमितता हुनु, प्रथा र परम्परागत मूल्य र मान्यताका कारण परिवारभित्र र सार्वजनिक क्षेत्रमा महिलाहरूको पहिचानलाई उचित सम्मान नदिनु र महिलाको भूमिकालाई कदर र सम्मान नगर्नु आदि कारणले विभेद र असमानतालाई मलजल र संस्थागत गरेको अवस्था छ । यसैगरी, विद्यमान कानूनको उचित कार्यान्वयन नहुनु, महिलाहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा सशक्तीकरणका निमित्त अवसरमा समान पहुँचको अभाव, मधेश प्रदेशलाई महिलाहरूप्रति उत्तरदायी बनाउन प्रदेशस्तरीय कानूनी तथा नीतिगत व्यवस्था, कार्ययोजना तथा कार्यक्रमको तर्जुमा तथा स्रोत र साधन परिचालनमा स्थानीय तह, संघसित सहकार्य र समन्वयमा कमी हुनु यस प्रदेशका प्रमुख समस्या हुन् । महिलाहरूको

प्रदेश सचिव

श्रम योगदान राष्ट्रिय आर्थिक गणनामा आउन नसक्दा आज पनि महिलाहरू आर्थिक, सामाजिक विभेदका शिकार भएका छन् ।

## ६. चुनौती तथा अवसर

उल्लेखनीय उपलब्धिहरू हुँदाहुँदै पनि मधेश प्रदेशका महिलासँग मानवीय, सामाजिक, आर्थिक र राजनीतिक पूँजीको अभाव छ । महिलाहरू साक्षरता दर र शिक्षामा पुरुषभन्दा पछाडि छन् जसले बालक र पुरुषलाई उच्च महत्व दिइएको देखाउँदछ । बालिका र महिलालाई अवमूल्यन गर्ने लिङ्गमा—आधारित सामाजिकीकरण प्रक्रियाका कारण, पहिलेदेखि नै समाजमा गहिरोसँग जरा गाडेर रहेका, सामाजिक—सांस्कृतिक मूल्य—मान्यताहरूले सुरुदेखि जीवनकालभरि नै महिलाको गतिशीलता, सहभागिता र नेतृत्वलाई अझै चुनौती थपिदिएको छ । समुदायमा बालिकालाई श्रीमती र आमाका रूपमा आफ्नो भविष्यको लैङ्गिक भूमिका निर्वाह गर्ने गरी तयार गर्ने वा हुर्काइने परम्परा अझै व्यापक छ । परिणामस्वरूप, ठूलो संख्यामा महिलाहरू अझै पनि पारिश्रमिक बिनाको सेवामूलक कार्यमा सीमित छन् । थप के छ भने महिलाका मौलिक मानव अधिकारलाई न्यूनीकरण गर्ने, महिला विरुद्धका भेदभावलाई अन्त्य गर्ने सम्बन्धी कानूनहरू निर्माण कार्यको शुरूवात भएको छ ।

मधेश प्रदेशमा महिला समुदायभित्र अझै पनि आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम र महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी, ट्रान्सजेन्डर, क्वीर र अन्तर्लिङ्गी (एलजिबिटिक्युआई) तथा सीमान्तकृत अभिमुखीकरण भएका, लैङ्गिक पहिचान र अन्तर्लिङ्गी (मार्जिनलाइज्ड ओरिएन्टेसन्स, जेन्डर आइडेन्टिटिज एन्ड इन्टरसेक्स' एमओजिएआई), यौनकर्मीजस्ता सीमान्तीकृत समूहका महिलाहरूलाई अझै पनि मूलधारमा आउन चुनौतीपूर्ण छ । उनीहरूका समस्या र आवश्यकताहरू समेत फरक फरक छन् । अतः यी विविधता सहितको महिलाको समानुपातिक सहभागिता हुने गरी मधेश प्रदेशको राज्यका हरेक तहमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गर्नु, असमानताका आधारहरू, भूमि, रोजगारी, शिक्षा, स्वास्थ्यको हेरचाहजस्ता विभिन्न उपभोगका स्रोत सुविधाको पहुँचमा रहेका विभेदहरू हटाउँदै समान पहुँच स्थापित गरी आर्थिक तथा सामाजिक जीवनमा सारभूत समानता कायम गर्नु, असमानता, तथा सामाजिक र राजनीतिक समावेशीता नहुनुबाट श्रृजित द्वन्द्वलाई समाधान वा रूपान्तरण गर्दै असमानता र भेदभावको अन्त्य गर्नका लागि अधिकार तथा स्रोतहरूको पुनः बाँडफाँड गर्ने कार्य अत्यन्त चुनौतीपूर्ण रहेको छ । जात, जातीय वा धार्मिक, लैङ्गिक, शारीरिक क्षमता, भौगोलिक क्षेत्र, शैक्षिक पृष्ठभूमि आदि असमानता तथा सामाजिक समावेशीकरण नहुनुका स्वरूपहरूलाई सम्बोधन गरी सारभूत समानतामा आधारित परिवार, समाज र राज्य व्यवस्था निर्माण गर्ने चुनौती रहेको छ । साथै, महिला र पुरुषबीच विद्यमान शक्तिको असमानतालाई सम्बोधन गरेर शक्तिको बाँडफाँड गर्ने, समाजले निर्धारण गरेका असमान र भेदभावपूर्ण लैङ्गिक भुमिकाकामा परिवर्तन, नीजि क्षेत्रमा हुने पारिश्रमिक बिनाको महिलाको सेवामूलक कार्य तथा योगदानको पहिचान तथा

प्रदेश सचिव

महिला र पुरूषको समान दायित्व स्थापित गर्ने, पितृसत्तात्मक मूल्य र मान्यताले श्रृजना गरेका संरक्षणमुखी अवधारणाबाट अधिकारमुखी अवधारणा कानून लागू गर्दा, योजनाहरू निर्माण गर्दा, वा कार्यान्वयन गर्दा स्रोत तथा साधनको पहुँच स्थापित गर्ने सम्बन्धमा पनि उत्तिकै चुनौतीहरू रहेका छन् ।

यसका अतिरिक्त महिला केन्द्रित दीर्घकालीन योजनाको कमी, महिलाहरूको आवाजको सुनुवाई हुने सुरक्षित स्थानको कमी, समानता सम्बन्धी विस्तृत, खण्डीकृत तथ्याङ्क नहुनुजस्ता चुनौतीहरू पनि विद्यमान छन् । शक्तिको बाँडफाँड र स्रोतहरूमाथिको पहुँच उपलब्ध गर्ने योजना बनाउँदा महिला—महिला बीचमा पनि उत्तिकै सुविधा/पहुँचहरू उपलब्ध हुन आवश्यक छ र सो कुरा सुनिश्चित गर्न आवश्यक छ ।

यी चुनौतीका बीच प्रदेशका लागि कतिपय अवसर समेत प्राप्त छन् । यस अन्तर्गत स्थानीय तह र प्रदेशमा राजनैतिकस्तरमा उल्लेख्य संख्यामा महिला प्रतिनिधित्व सुनिश्चित भएको छ । प्रदेश सरकारको 'बेटी पढाऊ बेटी बचाऊ' अभियान मार्फत् महिलाको सर्वाङ्गीण विकासमा थप प्रयत्न भएको छ । यी चुनौती तथा अवसरहरूलाई सावधानीपूर्वक अध्ययन, विश्लेषण एवम् सम्बोधन गरी समाधान गर्दै जाने हो भने मधेश प्रदेशमा लैङ्गिक समानता प्राप्ति, समन्यायिक एवं दीगो विकासको प्रशस्त अवसर समेत रहेको देखिन्छ ।

## ७. नीतिको आवश्यकता

नेपालको संविधानले संघीयता, गणतन्त्र, समावेशीता, समानता र समतामूलक समाज निर्माणको आधार कोरेको छ । साथै, संविधानले समावेशीता र अविभेदको सिद्धान्त, समानुपातिक सहभागिता, मिश्रित निर्वाचन प्रणाली, सकारात्मक विभेद गर्न सकिने व्यवस्था सहितको समानताको मान्यतालाई मौलिक हककै रूपमा व्यवस्था गरी समाजमा स्थापित असमान शक्ति सम्बन्धहरूलाई सम्बोधन गर्न मार्गदर्शन गरेको छ ।

प्रदेश सरकारले समतामूलक समाज निर्माण, समानुपातिक समावेशीता तथा पहिचानमा आधारित समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण एवम् सन् २०३० अगावै दिगो विकास लक्ष्य हासिल गर्ने र उक्त लक्ष्य अन्तर्गत प्रादेशिक प्राथमिकताहरू तय गर्दै सो हासिल गर्ने दिशामा यो नीति तथा कार्यक्रम उन्मुख रहेको छ । नेपाल सरकारको पन्ध्रौं योजना (आ. व. २०७६/७७ — २०८०/८१) मा उल्लिखित लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजना (आ.व.२०७६/७७ — २०८०/८१) को लक्ष्य, उद्देश्य रणनीति र प्राथमिकतालाई ध्यानमा राखी समष्टीगत र विषयगत क्षेत्रका निर्दिष्ट लक्ष्य हासिल गर्ने उद्देश्य लिई प्रदेश सरकारद्वारा आ. व. २०७६/७७ को नीति तथा कार्यक्रमहरू सार्वजनिक भएको छ ।

नेपाल सरकार तथा प्रदेश सरकारका सकारात्मक प्रयासका बावजुद पनि लैङ्गिक सूचकाङ्कलाई हेर्दा महिलाहरू अझै पछाडि परेका् देखिन्छन् । लैङ्गिक समानताको लक्ष्य हासिल गर्न संघीय सरकारको प्रयास मात्र पर्याप्त हुँदैन । प्रदेशको समृद्धि समग्र देशको समृद्धिसँग पनि जोडिन्छ । प्रदेश सरकारको आ.व २०७६/७७ को नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको

प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय

१५औं योजना तथा दीर्घकालीन क्षेत्रगत नीतिहरू, दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरू, प्रदेश सरकारले चालु आर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रम र योजनाहरूको कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत प्रादेशिक प्राथमिकताहरू तय गर्दै तिनलाई हासिल गर्न प्रदेशले संघीय सरकार तथा अन्य प्रादेशिक सरकारसँग समेत समन्वय कायम गर्दै लक्षियत उद्देश्यहरू हासिल गर्न सहकार्य गर्नुपर्ने आवश्यकता समेत देखिन्छ ।

यसैगरी, आफ्नो प्रदेशको आवश्यकता, विशिष्ट अवस्था, समस्या र चुनौतीहरूलाई ध्यानमा राखी सारभूत लैङ्गिक समानता कायम गर्न प्रादेशिक वस्तुपरक कार्यक्रम र योजना मार्पmत समानतामूलक समाज निर्माणको लागि प्रदेशको आफ्नो प्राथमिकतामा आधारित लैङ्गिक समानता नीति बनाई लागू गर्न आवश्यक देखिन्छ ।

प्रदेश सरकारले दीर्घकालीन सोच सहित यो नीति तर्जुमा गरेको छ । यो नीतिले महिलालाई केन्द«मा राखेता पनि यो नीति कार्यान्वयन गर्दा पछाडि पारिएका वा परेका वर्ग, जातजाति, क्षेत्र, अल्पसंख्यक आदिको हक अधिकारलाई पनि उत्तिकै ध्यान दिइनेछ । यो नीति कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्न पर्याप्त समय आवश्यक पर्ने सन्दर्भ समेतलाई ध्यानमा राखी यो नीति लागू गरिएको छ ।

यस नीतिको सोच, लक्ष्य, उद्देश्य तथा सम्बद्ध नीति देहाय अनुसार प्रस्ताव गरिएको छ :

## ८. सोच

सारभूत लैङ्गिक समानता, मधेश प्रदेशको उच्च प्राथमिकता ।

## ९. लक्ष्य

महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समान नागरिकको हैसियतले निजी (घरभित्र) तथा सार्वजनिक क्षेत्रमा अवसर, विकास तथा योजनाहरूको प्रतिफल एवम् लाभ तथा सामाजिक सुरक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्दै सारभूत समानता कायम गर्ने ।

## १०. उद्देश्य

१. लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्ने,

२. आर्थिक समृद्धि र दिगो विकासका लागि प्रदेश सरकारको हरेक तह र निकायमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

३. सबै प्रकारका प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हुने लैङ्गिक विभेद र असमानताको अन्त्य गरी सबै महिलाको सम्मानपूर्वक बाँच्न पाउने र जीवन यापनको वातावरण सुनिश्चित गर्ने,

४. आर्थिक समृद्धि र दिगो विकासका लागि स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने,

प्रदेश सचिव

५. महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

## ११. मूल्य र मान्यता

यो नीति कार्यान्वयन गर्दा निम्नलिखित मूल्य र मान्यतालाई आत्मसात गरिनेछः

- सारभूत समानता
- समावेशिता
- अर्थपूण सहभागिता
- महिला मानव अधिकार
- जवाफदेहिता
- सामूहिक नेतृत्व
- अहिंसा, आपसी सहयोग र सद्भाव

## १२. नीति तथा रणनीतिहरु

**नीति १ : लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरिनेछ ।**

रणनीति

१.१ सारभूत समानता कायम गर्न आवश्यक पर्ने प्रदेशस्तरीय नीतिगत व्यवस्था गरिनेछ ।

१.२ कानून तथा सम्बन्धित नीतिहरू लागू गर्न चाहिने आवश्यक संगठनात्मक संरचना तयार गरिनेछ ।

१.३ प्रदेश सरकारका सबै मन्त्रालय र निकायहरूले लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीको स्थापना गरी संस्थागत गरिनेछ ।

१.४ शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, श्रम, खाद्य, वातावरण, सूचना, सामाजिक न्याय, सामाजिक सुरक्षा तथा संरक्षण लगायतका हकहरू सम्बन्धी प्रदेशले बनाउने कुनै पनि नीति, योजना, कार्यक्रम तथा बजेट विनियोजन गर्दा लैङ्गिक उत्तरदायी भएको सुनिश्चित गरिनेछ ,

१.५ महिलाको सारभूत समानता सुनिश्चित गर्न युवा, पुरूष र परिवारलाई परिचालन गर्न आवश्यक लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**नीति २. प्रदेश सरकारको हरेक तह र निकायमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।**

**रणनीति**

२.१ प्रदेशको हरेक सरकारी निकायमा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ,

२.२ राजनीतिक दलको प्रादेशिक संरचनामा मधेश प्रदेशमा रहेका महिलाहरूको विविधतालाई ध्यानमा राखी महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ,

प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
जनकपुरधाम, धनुषा

२.३ प्रदेशभित्रका सामुदायिक संघ—संस्था, उपभोक्ता समितिहरू, विकास योजना कार्यान्वयन गर्न गठन हुने वा गरिने कार्यदल/समितिहरूमा महिलाहरूको विविधतालाई ध्यानमा राखी महिलाको समानुपातिक सहभागितालाई अनिवार्य गरिनेछ ,

२.४ वित्तीय संस्थाहरू, सहकारी संस्था तथा सञ्चार माध्यममा महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ,

२.५ स्थानीय, प्रदेश तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हुने विभिन्न सभा, सम्मेलन, शिक्षा आर्जन गर्ने अवसर, तालिम आदिमो महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ,

२.६ निर्णय प्रक्रियामा महिलाको समान सहभागिता सुनिश्चित गरिनेछ ,

२.७ महिलाहरूमा सही सूचना, विषयगत ज्ञान र परिवेशमा आधारित निर्णय लिन सक्ने क्षमताको अभिवृद्धि गरिनेछ ।

**नीति ३. प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हुने सबै प्रकारका लैङ्गिक विभेद र असमानताको अन्त्य गरी सबै महिलाको सम्मानपूर्वक बाँच्न पाउने र जीवन यापनको वातावरण सुनिश्चित गरिनेछ ।**

रणनीति

३.१ धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने भेदभाव, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गरिनेछ,

३.२ महिला, दलित,आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका महिला, गर्भावस्थाका महिला, आर्थिक रूपले विपन्न महिलाहरूको सशक्तीकरणका निमित्त सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ ,

३.३ महिलाको प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गरिनेछ ,

३.४ रोजगारी, स्वास्थ्य र शिक्षामा महिलाको पुरूष सरह समान पहुँच सुनिश्चित गर्न विशेष व्यवस्था गरिनेछ,

३.५ सम्पत्ति तथा पारिवारिक मामिलामा महिलाको हक सुनिश्चित गरिनेछ,

३.६ विवाह तथा मातृत्वको आधारमा हुने महिला विरुद्धको भेदभाव अन्त्य गरिनेछ,

३.७ महिला र पुरूषबीच लिङ्गको आधारमा लघुता र महत्तावोध गराउने सोच र धारणा, रूढीगत लैङ्गिक भूमिकामा आधारित दुराग्रह तथा परम्पराको अन्त्य गर्न विद्यमान सामाजिक तथा सांस्कृतिक ढाँचामा परिवर्तन गरिनेछ।

प्रदेश सचिव

**नीति. ४ आर्थिक समृद्धि र दिगो विकासका लागि स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गरिनेछ ।**

रणनीति

४.१ विकास तथा योजनाहरूमा महिलाको समान अवसर, प्रतिफल र लाभ सुनिश्चित गरिनेछ,

४.२ आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अवसरमा पहुँच वृद्धि गरी महिलाको सशक्तीकरण गर्न सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ,

४.३ समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभावको अन्त्य गरिनेछ,

४.४ अनौपचारिक श्रम क्षेत्रमा संलग्न महिलाहरूको सामाजिक सुरक्षा तथा मर्यादापूर्वक काम गर्ने वातावरण सुनिश्चित गरिनेछ,

४.५ एकल महिला, अल्पसंख्यक, बहिष्करण, वन्चितीकरण र वहुविभेदमा परेका महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गरिनेछ,

४.६ गर्भावस्था र सुत्केरी महिलालाई आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गरिनेछ,

४.७ पारिश्रमिक बिनाको काम तथा पारिश्रमिक बिनाको सेवामूलक कार्य र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गरिनेछ,

४.८ योजना तथा परियोजनाहरूबाट न्यूनतम ५० प्रतिशत लाभांशको हिस्सा महिलाको लागि प्रत्याभूति हुने पद्धतिको विकास गरिनेछ,

४.९ आर्थिक, सामाजिक रूपले पछाडि पारिएका वा परेका महिलाहरूको सशक्तीकरण गरिनेछ ।

४.१० प्राकृतिक जल, जङ्गल, पारिवारिक सम्पत्तिमा महिलाको पहुँच सुनिश्चित गरिनेछ ।

**नीति ५. महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ ।**

रणनीति

**५.१ महिलामाथि हुने सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ,**

५.२ व्यक्ति, संघसंस्था, सरकारी निकाय तथा व्यवसायिक प्रतिष्ठानमा हुने सबै प्रकारको लैङ्गिक विभेद अन्त्य गरिनेछ,

५.३ महिला भएकै कारणले महिलाहरूप्रति हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्ने र उनीहरूको न्यायमा पहुँच सुनिश्चित गरिनेछ,

५.४ सार्वजनिक अधिकारी र संस्थाहरूले महिला विरुद्ध भेदभाव हुने कुनै पनि कार्य तथा व्यवहार नगर्ने र नगराउने दायित्व वहन गरेको सुनिश्चित गरिनेछ,

५.५ हिंसा पीडित महिलाहरूको उद्धार, आवश्यक सेवा, सुरक्षा, सामाजिक पुनःस्थापना र पुनर्एकीकरणका निमित्त स्थानीय सरकारसित समन्वय गरी आवश्यक सेवा सुनिश्चित गरिनेछ,

प्रदेश सचिव

५.६ महिलामाथि हुने हिंसा निवारणका निमित्त आवश्यक निरोधात्मक उपायहरूको अवलम्बन गरिनेछ,

५.७ रेडियो, एफ.एम, टेलिभिजन सञ्चालन गर्न अनुमति दिँदा लैङ्गिक भेदभावलाई प्रोत्साहन गर्ने समाचार, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य—दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न रोक लगाउने नीति अवलम्बन गरिनेछ,

५.८ लैङ्गिक हिंसाबाट पीडित महिला, ज्येष्ठ नागरिक तथा बालबालिकालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाइनेछ,

५.९ लैङ्गिक हिंसामुक्त समाज निर्माणकोलागि युवा, पुरूष र परिवारलाई परिचालन गरिनेछ ।

५.१० लैङ्गिक हिंसा लगायत महिला मानव अधिकारको हननलाई अनुगमन गर्न, प्रदेशस्तरीय महिला आयोग स्थापना गर्नका लागि आवश्यक कानूनी पूर्वाधारहरू निर्माण गरी आयोग स्थापना गरिनेछ ।

## १३.संस्थागत संरचना

लैङ्गिक समानताको सवाल बहुक्षेत्रगत विषय भएकोले प्रदेशस्तरीय लैङ्गिक समानता नीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रभावकारी र सक्षम प्रादेशिक सारभूत लैङ्गिक समानता निर्देशक समिति रहने छ । यसको सचिवालयको काम महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले गर्नेछ ।

## १४. आर्थिक पक्ष

प्रादेशिक सारभूत लैङ्गिक समानता नीति कार्यान्वयनका लागि लाग्ने स्रोत, साधनको व्यवस्था गर्नु प्रदेश तहको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको प्रमुख दायित्व हो । यसका लागि सबै मन्त्रालय र मातहतका विभाग/शाखा तथा कार्यालयहरूले आ—आफ्नो योजना तथा कार्यक्रमलाई तिनको तर्जुमा र कार्यान्वयन प्रकृयामा एकीकृत गर्नुपर्ने हुन्छ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनी व्यवस्था तथा कार्यविधि, विषयगत रणनीति, मापदण्ड, निर्देशिकाको निर्माण, दक्ष जनशक्तिको आपूर्तिजस्ता कार्यहरूका लागि लाग्ने अनुमानित स्रोत, साधन बारे महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयमा रहने सचिवालयले कार्ययोजना तर्जुमा गरिनेछ । कार्ययोजनाको कार्यान्वयनको लागि प्रदेशको आन्तरिक तथा नेपाल सरकारसँग समन्वय गरी स्रोत समेत परिचालन गर्न आवश्यक छ । यो कार्यमा महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले आवश्यकता अनुसार विशेषज्ञता सेवा पुऱ्याउने छ ।

## १५ कानूनी व्यवस्था

प्रादेशिक लैङ्गिक समानता नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न विभिन्न कानूनको व्यवस्था गर्न जरूरी छ । यसका निमित्त आवश्यकता अनुसार आगामी २ वर्षभित्र देहाय अनुसार हुने गरी मधेश प्रदेशमा सारभूत लैङ्गिक समानता(सम्मान र प्रवद्र्धन) ऐन तथा नियमावली तर्जुमा गरिने छन् :

प्रदेश सचिव

- सबै नीति, योजना, कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रकृयामा लैङ्गिक समानतालाई एक अनिवार्य सर्तको रूपमा रहने व्यवस्था मिलाइनेछ ।
- क्षेत्रगत रूपमा छरिएर रहेका लैङ्गिक समानता, लैङ्गिक बजेट, लैङ्गिक लेखाजोखा, लैङ्गिक विश्लेषण आदि विषयहरूलाई समय सापेक्ष परिमार्जन गरी एकीकृत रूपमा कार्यान्वयन गराउन यो नीति र प्रस्तावित लैङ्गिक समानता (प्रवद्र्धन) ऐन मा तोकिए बमोजिम नियमावली बनाई कार्यान्वयन गरिनेछ ।
- लैङ्गिक समानता (प्रवद्र्धन) ऐन तथा नियमावली अनुसार लैङ्गिक समानताको दृष्टिकोणको मूल प्रवाहीकरणलाई निर्देशित गर्न कार्यविधि र दिग्दर्शन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- यो ऐन बनाउँदा संविधान, नेपाल सरकारले बनाएका विभिन्न ऐनहरू, नेपाल सरकारले अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिबद्धता, सर्वोच्च अदालतले लैङ्गिक समानताका सम्बन्धमा प्रतिपादन गरेका सिद्धान्तहरूलाई आत्मसात गरिनेछ ।

## १६. अनुगमन तथा मूल्याङ्कन

प्रस्तुत नीतिको कार्यान्वयन स्थिति बारे आवधिक रूपमा अनुगमन, समीक्षा र मूल्याङ्कन गर्ने परिपाटी बसाउन जरूरी छ । लैङ्गिक समानता नीतिको कार्यान्वयन स्थिति बारे अनुगमन र मूल्याङ्कन गर्ने मुख्य जिम्मेवारी प्रादेशिक सारभूत लैङ्गिक समानता निर्देशक समितिमा रहने छ । सो कार्यका लागि समितिले महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको सामाजिक विकास महाशाखालाई जिम्मेवारी दिई सरोकारवाला सबै मन्त्रालय, विभाग, समिति तथा कार्यालयहरूलाई समन्वय गर्ने र परिचालन गर्ने व्यवस्था समेत मिलाउने छ । समितिले प्रस्तुत नीतिको कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको र यसबाट परेको प्रभाव बारे आवधिक रूपमा मूल्याङ्कन गर्ने कार्य प्रदेशको नीति आयोगसँगको समन्वयमा गर्नेछ ।

उक्त प्रतिवेदन सम्बन्धित मन्त्रालयहरू, प्रदेशस्थित नीति आयोग, सम्बन्धित स्थानीय तह, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोगमा पठाउने व्यवस्था गरिनेछ ।

## १७. जोखिम

प्रादेशिक सारभूत लैङ्गिक समानता नीतिको प्रकृति र क्षेत्र वृहत् हुनुका साथै सबैको साझा सरोकारको विषय भएकोले यसको कार्यान्वयनमा विभिन्न जोखिमको सम्भावना देखिन्छ । प्रमुख जोखिम तथा चुनौतीहरू निम्न अनुसार रहने अनुमान गरिएको छ :

प्रदेश सचिव

- सारभूत लैङ्गिक समानता नीति बहुपक्षीय सरोकारको विषय भएकोले प्रदेशभित्रका अन्तर मन्त्रालय, स्थानीय तह, संघका सम्बन्धित मन्त्रालय तथा अन्य निकायहरूसँग समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुने सम्भावना देखिन्छ ।
- सारभूत लैङ्गिक समानता नीति कार्यान्वयन, कानूनको शासन, वृहत् सुशासन, सामाजिक वातावरण लगायतका सवालसँग पनि जोडिएर आउने भएकोले नीति कार्यान्वयनमा सक्रियताको (प्रो एक्टिभनेस) कमी हुनसक्ने सम्भावना छ ।
- पितृसत्तात्मक सोच र चिन्तन विचार र प्रणालीको रूपमा सार्वजनिक तथा निजी क्षेत्र हाबी रहेका कारणले यो नीतिले महिलालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाइ पनि रहन सक्ने कारण नीति कार्यान्वयनमा फितलोपन आउन सक्छ ।
- नीति कार्यान्वयनमा साझा बुझाइ, दक्ष मानव स्रोत तथा वित्तीय स्रोतको अभाव राजनीतिक इच्छा शक्ति कमजोर भएमा कार्यान्वयन कमजोर हुन सक्ने सम्भावना छ ।

प्रदेश सचिव